भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पगनाथ, दैलेख
कर्णाली प्रदेश,नेपाल

# गाउँसभाको सत्रौं अधिवेशनबाट पारित भएका निर्णयहरु:

भगवतीमाई गाउँपालिका

## गाउँसभा

१७ औं अधिवेशन २०८२

बैठक संख्या: १ मितिः २०८२/०२/२३ गते

<u>बैठकमा भएका छलफल तथा निर्णयहरु:</u>

१. भगवतीमाई गाउँपालिका गाउँसभाको १७ औं अधिवेशन गाउँसभा अध्यक्ष श्री गणेशबहादुर थापा ज्यूले आरम्भ गर्नुभयो ।

२. गाउँपालिका अध्यक्ष श्री गणेशबहादुर थापा ज्यूले आगामी आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम गाउँसभा समक्ष पेश गर्नुभयो ।

३. जिल्ला समन्वय समितिका सदस्य श्री कोकिलाकुमारी खड्का ज्यूले गाउँसभालाई विशेष सम्वोधन गरि विभिन्न सुझाव दिनुभयो ।

४. कर्णाली प्रदेश सभा सदस्य माननीय पुर्णबहादुर खत्री ज्यूले गाउँसभालाई विशेप सम्वोधन गरि विभिन्न सुझाव तथा निर्देशन गर्नुभयो ।

५. आगामी आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम माथिको छलफलमा गाउँसभा सदस्य ज्यूहरु भाग लिनु भयो ।

६. गाउँसभा अध्यक्ष ज्यूले पेश गर्नु भएको आगामी आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम पारितको लागि सभा समक्ष निर्णयार्थ पेश गर्नुभयो र गाउँसभावाट आगामी आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम सर्वसम्मत पारित भयो ।

९. गाउँसभा उपाध्यक्ष ज्यूले विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका सम्वन्धी छलफल गरियोस भन्ने प्रस्ताव पेश गर्नुभयो ।

१०. विनियोजन विधेयकका सिद्धान्त र प्राथिमकता माथि छलफल गरियोस् भन्ने प्रस्ताव अध्यक्ष ज्यूले सभासमक्ष निर्णयार्थ पेश गरि सभावाट सर्वसम्मत पारित भयो ।

११. विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता माथि सभा सदस्य ज्यूहरुले छलफलमा भाग लिनु भयो ।

१२. विनियोजन विधेयका सिद्धान्त र प्राथमिकता सभावाट स्वीकृत गरियोस् भन्ने प्रस्ताव उपाध्यक्ष ज्यूले पेश गर्नु र अध्यक्ष ज्यूवाट प्रस्ताव निर्णयार्थ सभासमक्ष प्रस्तुत भई सभावाट सर्वसम्मत पारित भयो ।

१३. गाउँपालिका अध्यक्ष ज्यूवाट अर्को वैठक २०८२/०३/१० गते विहान ११:०० बजे वस्ने गरी पहिलो वैठक स्थगन गर्नुभयो ।

गणेश बहादुर थापा
अध्यक्ष

Scanned with CamScanner

बैठक संख्याः २ | मितिः २०८२/०३/१० गते

बैठकमा भएका छलफल तथा निर्णयहरुः

१. यस भगवतीमाई गाउँपालिका गाउंसभाको १७ औं अधिवेशनको दोस्रो बैठक गाउँसभा अध्यक्ष श्री गणेशबहादुर थापा ज्यूले आरम्भ भएको जानकारी गराउनु भयो ।

२. कार्यसूची बमोजिम गाउँसभा अध्यक्ष श्री गणेशबहादुर थापा ज्यूले आगामी आ.व. २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम गाउँसभा समक्ष पेश गर्न उपाध्यक्ष श्री मिनाकुमारी खड्का ज्यूलाई समय दिनु भई गाउँपालिका उपाध्यक्ष ज्यूले बजेट तथा कार्यक्रम गाउँसभामा पेश गर्नुभयो ।

३. आगामी आ.व. २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम माथि गाउँसभा सदस्य ज्यहरुले भाग लिनु भयो ।

४. कार्यसूची बमोजिम गाउँसभा अध्यक्ष श्री गणेशवहादुर थापा ज्यूले विनियोजन विधेयक, २०८२ माथि दफावार छलफलमा भाग लिन सभा सदस्यहरुलाई समय दिनुभयो र सभा सदस्यहरु छलफलमा सहभागी भई आवश्यक सुझाव पेश गर्नुभयो । विनियोजन विधेयक, २०८२ अध्यक्ष ज्यूवाट सभामा निर्णयार्थ प्रस्तुत गर्नु भई सर्वसम्मत पारित भयो ।

५ कार्यसूची बमोजिम गाउँसभा अध्यक्ष श्री गणेशवहादुर थापा ज्यूले आर्थिक विधेयक, २०८२ माथि दफावार छलफलमा भाग लिन सभा सदस्यहरुलाई समय दिनुभयो र सभा सदस्यहरु छलफलमा सहभागी भई आवश्यक सुझाव पेश गर्नुभयो । आर्थिक विधेयक, २०८२ अध्यक्ष ज्यूवाट सभामा निर्णयार्थ प्रस्तुत गर्नु भई सर्वसम्मत पारित भयो ।

६ उपाध्यक्ष ज्यूले न्यायिक समितिको बार्षिक प्रतिवेदन २०८१/०८२ सभामा पेश गर्नु भई सर्वसम्मत पारित गरियो ।

७ अर्थ तथा सार्वजनिक लेखा समितिको वार्षिक प्रतिवेदन २०८१/०८२ समितिका संयोजक लोकवहादुर रावतले सभामा पेश गर्नु भई छलफल तथा सर्वसम्मत पारित भयो ।

८ कर्मचारी छनौट तथा पदपूर्ति समितिको वार्षिक प्रतिवेदन २०८१/०८२ संस्थागत विकास तथा सुशासन समितिका संयोजक श्री इन्द्रवहादुर थापा ज्यूले पेश गर्नु भई छलफल तथा सर्वसम्मत पारित भयो ।

१० अध्यक्ष ज्यूले समसामयिक विषयमा छलफलको लागि समय दिनु भई विभिन्न सार्वजनिक सरोकारका विषयमा गाउँसभामा छलफल भयो । अन्तिममा देहायका नीतिगत निर्णय गरि सभा अध्यक्ष ज्यूवाट १७ औं अधिवेशन अन्त्य भएको घोषणा गर्नुभयो ।

Scanned with CamScanner

गाउँ कार्यपालिकाको कार्यालय
पनगाथ, दैलेख
कर्णाली प्रदेश,नेपाल

गणेश बहादुर थापा
अध्यक्ष

**नीतिगत निर्णयहरु**

**निर्णय नं. १**

यस गाउँपालिकामा आ.व. २०८२/०८३ को लागि नेपाल सरकार र कर्णाली प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान नेपाल सरकार र प्रदेश सरकारबाट निर्धारित मार्गदर्शन बमोजिम तोकिएको आयोजना, कार्यक्रम र शीर्षकमा खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

भगवतीमाई गाउँपालिकाबाट आ.व. २०८२/०८३ मा सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरुमा पहिलो प्राथमिकता बेरोजगार सूचीमा सूचीकृत व्यक्तिहरुलाई दिने र श्रम रोजगार बैङ्क मार्फत आयोजना कार्यान्वयनलाई प्राथमिकता दिने, रु. २००००० बिस लाख सम्मका आयोजना तथा कार्यक्रमहरु कार्य प्रकृति र आवश्यकता अनुसार उपभोक्ता समिति वा लाभग्राही समूहबाट सञ्चालन गर्न गाउँ कार्यपालिकालाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

गाउँपालिकाबाट सञ्चालित आयोजना ठेक्का बाहेक मा प्रयोग हुने मेशिन तथा उपकरणहरुको सम्वन्धित फर्म वा कम्पनीले गाउँ कार्यपालिकाको कार्यालयमा रु. ५०००। दस्तुर तिरी सूचीकृत गरेको मेशिन तथा उपकरण मात्र प्रयोग गर्ने व्यवस्थालाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

वातावरणमैत्री स्थानीय शासन प्रारुप, २०७८ र बालमैत्री स्थानीय शासन पद्धति कार्यान्वयनलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

यस गाउँपालिका क्षेत्रभित्रका तपसिलका स्थानमा पक्की पुल तथा झोलुङ्गे पुल निर्माणको लागि संघीय सरकार तथा प्रदेश सरकारसँग अनुरोध गर्ने निर्णय गरियो ।

| क्र.सं. | पुलको नाम | स्थान | कैफियत |
|---|---|---|---|
| १. | वावियातडा-तिदुघाट पक्की पुल | वडा नं. १ र ६ जोड्ने | |
| २. | तुर्सुखोला वालतडा पक्की पुल निर्माण | वडा नं. ३ र ४ | |
| ३. | सीमाखोला पक्की पुल निर्माण | वडा नं. ४ | |

**निर्णय नं. ७**

यस गाउँपालिकाको समग्र विकासको लागि विषयगत रणनीतिक योजना र विषयगत तालिमको लागि सरकारी तथा गैरसरकारी संघसंस्था र साझेदार निकायसँग सहकार्य गरी कार्यान्वन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

यस गाउँपालिकामा आ.व. २०८१/०८२ मा सञ्चालन भई विभिन्न मितिमा जाँचपास तथा भुक्तानी भएका आयोजना तथा कार्यक्रमहरुको फरफारक तथा खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

गणेश बहादुर थापा
अध्यक्ष

Scanned with CamScanner

निर्णय नं. ९

यस भगवतीमाई गाउँपालिका गाउँ कार्यपालिकाबाट चालु आ.व. २०८१/०८२ मा भए गरेका सम्पुर्ण निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

यस भगवतीमाई गाउँपालिका क्षेत्रभित्र आगामी आ.व. २०८२/०८३ मा कार्यक्रम सञ्चलन गर्न नेपाल सरकार, प्रदेश सरकार वा अन्तर्गतका निकायबाट प्राप्त भएका अन्य कार्यक्रमहरु यस गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्ने र सरकारी तथा गैरसरकारी संस्थाहरुले पेश गरेका कार्यक्रमहरु अनुमोदन गर्ने र आवश्यकताको आधारमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल:

| क्र.सं. | परियोजना वा कार्यक्रमको नाम | स्थानीय सेवा प्रदायक संस्था | दातृ निकाय | कैफियत |
|---|---|---|---|---|
| १. | सबैका लागि दिगो खानेपानी, सरसफाई र स्वच्छता कार्यक्रम | - | फिनल्याण्ड सरकार र नेपाल सरकार | |
| २. | वन हार्ट वल्डवाइड | एभरेष्ट क्लव दैलेख | | |

निर्णय नं. ११

आगामी आ.व. २०८२/०८३ मा कार्यान्वयन हुने आयोजना तथा कार्यक्रममा आयोजना व्यवस्थापन खर्च कन्टेन्जेन्सी बढीमा ४ प्रतिशत कट्टी गर्ने र सो को कार्ययोजना बनाई खर्च कार्यपालिकालाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

यस गाउँपालिकामा स्वीकृत दरवन्दी वमोजिम आवश्यक कर्मचारीको पदपूर्ति भई नकसकेको हुँदा हाल यस कार्यालयमा कार्यरत अस्थायी करार र सेवा करारमा कार्यरत कर्मचारीहरुको अर्को व्यवस्था भएमा सोही बमोजिम हुने गरी आवश्यकताको आधारमा कानून बमोजिम अस्थायी र करार अवधि निरन्तरता तथा पदपूर्ति गर्न गाउँ कार्यपालिकालाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

यस गाउँपालिकाको गाउँसभा वैठक, गाउँ कार्यपालिका बैठक, विषयगत समिति, वडा समिति, कानून बमोजिम गठित अन्य विभिन्न समितिका बैठकका पदाधिकारी तथा सहभागीहरुलाई वैठक भत्ता रु. १५००। का दरले उपलब्ध गराउने र अपाङ्गता परिचयपत्र वितरण स्थानीय समन्वय समितिका संयोजकलाई रु. १५००। र अन्य सदस्यहरुलाई रु. १०००। उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १४

यस भगवतीमाई गाउँपालिका अन्तर्गत स्वीकृत स्थायी दरवन्दीमा करार सेवामा कार्यरत तथा गाउँपालिकावाट स्वीकृत करार सेवाको दरवन्दीमा कार्यरत कर्मचारीहरुको सेवा सुविधा गाउँ कार्यपालिकावाट पेश भए वमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पगनाथ, दैलेख
कर्णाली प्रदेश, नेपाल

तपसिलः

| क.सं. | करार सेवा वा पद | तलव | स्थानीय | चाडपर्व | पोशाक | प्रोत्साहन | अन्य |
|---|---|---|---|---|---|---|---|
| क. | गाउँपालिकाको स्वीकृत स्थायी दरवन्दीमा करार सेवामा कार्यरत कर्मचारीहरुलाई तोकिएको तलव स्केल, चाडपर्व खर्च र पोशाक खर्च उपलब्ध गराउने । | | | | | | |
| ख. | गाउँपालिकाको करार दरवन्दीमा कार्यरत कर्मचारी | | | | | | |
| १. | कविराज | ३४७००। | | ३४७००। | १००००। | ०.०० | ०.०० |
| २. | श्रम रोजगार अध्यक्ष | ३२९००। | ०.०० | ३२९००। | १००००। | ०.०० | ०.०० |
| ३. | श्रम रोजगार व्यवस्थापक | ३२९००। | ०.०० | ३२९००। | १००००। | ०.०० | ०.०० |
| ४. | हेभी सवारी चालक | २९७००। | ०।०० | २९७००। | १००००। | ०।०० | ०।०० |
| ५. | हलुका सवारी चालक | २७०००। | ०।०० | २७०००। | १००००। | ०।०० | ०।०० |
| ६. | कार्यालय सहयोगी | २४७००। | ०।०० | २४७००। | १००००। | ०।०० | ०।०० |
| ७. | पाले | १८०००। | ०।०० | १८०००। | १००००। | ०।०० | ०।०० |
| ८. | स्वीपर/माली | १४०००। | ०।०० | १४०००। | १००००। | ०।०० | ०।०० |
| ग. | आधारभूत अस्पतालमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारी | | | | | | |
| १. | मेडिकल अधिकृतआठौं तह | ४३७३७। | ०।०० | ४३७३७। | १००००। | सुरु तलवको ८० प्रतिशत | अतिरिक्त भत्ता- ४००००। |
| २. | सहायकस्तर पाँचौ तहका स्वास्थ्यकर्मी | ३४७००। | ०।०० | ३४७००। | १००००। | ०।०० | ०।०० |
| ३. | सहायकस्तर चौथो तहका स्वास्थ्यकर्मी | ३२९००। | ०।०० | ३२९००। | १००००। | ०।०० | ०।०० |
| ४. | कार्यालय सहयोगी | २४७००। | ०।०० | २४७००। | १००००। | ०।०० | ०।०० |
| ५. | पाले | २४७००। | ०।०० | २४७००। | १००००। | ०।०० | ०।०० |
| ६. | स्वीपर | १००००। | ०।०० | १००००। | १००००। | ०।०० | ०।०० |
| घ. | स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मी र श्रेणीविहिन कर्मचारी | | | | | | |
| १. | सहायकस्तर पाँचौ तहका स्वास्थ्यकर्मी | ३१०००। | ०।०० | ३१०००। | १००००। | ०।०० | ०।०० |
| २. | सहायकस्तर चौथो तहका स्वास्थ्यकर्मी | २९०००। | ०।०० | २९०००। | १००००। | ०।०० | ०।०० |
| ३. | कार्यालय सहयोगी | २४७००। | ०।०० | २४७००। | १००००। | ०।०० | ०।०० |
| ४. | स्वीपर | १००००। | ०।०० | १००००। | १००००। | ०।०० | ०।०० |

Scanned with CamScanner

भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पगनाथ, दैलेख
कर्णाली प्रदेश,नेपाल

**निर्णय नं. १५**

यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा कार्यरत गाउँपालिकाबाट नियुक्ति अनुदान शिक्षक, बालविकास सहयोगी र विद्यालयक कर्मचारीको मासिक अनुदान वेहाय बमोजिम उपलब्ध गराउने निर्णय गरियो ।

**तपसिल:**

| क्र.सं. | पद | नेपाल सरकार | गाउँपालिका | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १. | शिक्षक मा.वि. | ०.०० | ३२०००। | ३२०००। | |
| २. | शिक्षक आ.वि. | ०.०० | २४०००। | २४०००। | |
| ३. | शिक्षक प्रा.वि. | ०.०० | २००००। | २००००। | |
| ४. | बालविकास | १२०००। | ७०००। | १९०००। | |
| ५. | विद्यालय कर्मचारी | १५०००। | ७०००। | २२०००। | |
| ६. | कार्यालय सहयोगी (कक्षा १-५) | १००००। | ५५०००। | १५५००। | |
| ७. | कार्यालय सहयोगी (कक्षा १-८) | १००००। | ६०००। | १६०००। | |
| ८. | कार्यालय सहयोगी (कक्षा १-१०) | १००००। | ६५००। | १६५००। | |
| ९. | कार्यालय सहयोगी (कक्षा १-१२) | १००००। | ७०००। | १७०००। | |
| १०. | एकमुष्ट अनुदान | ०.०० | १३०००। | १३०००। | |

**निर्णय नं. १६**

यस भगवतीमाई गाउँपालिका अन्तर्गतका विभिन्न विद्यालयहरुमा शिक्षक दरवन्दी अभाव हुँदा अध्यापन कार्यमा पर्न गएको कठिनाईलाई हटाउन यस अघि गाउँ शिक्षा समिति र गाउँ कार्यपालिकाको निर्णय बमोजिम अनुदान रकमबाट करार सेवामा नियुक्त शिक्षकहरुलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. १७**

आगामी आ.व. २०८२/०८३ मा यस कार्यालय र अन्तर्गत कार्यरत कर्मचारीहरुको ईन्धन, सरकारी सवारी सधान मर्मत तथा सञ्चार सुविधा बढीमा देहाय बमोजिम पाउने गरी निर्धारण गर्ने निर्णय गरियो ।

| क्र.सं. | शाखा/वडा/सेवा केन्द्र | विवरण | एकाई | परिमाण | | |
|---|---|---|---|---|---|---|
| | | | | मासिक | वार्षिक | कैफियत |
| १. | प्रमुख प्रशासकीय अधिकृत | डिजेल/पेट्रोल | लि. | ६०। | ७२०। | |
| | | सञ्चार | रु. | १०००। | १२०००। | |
| २. | वडा सचिव | पेट्रोल | लि. | १०। | १२०। | |
| | | मर्मत | रु. | -। | २००००। | |

भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पगनाथ, दैलेख
कर्णाली प्रदेश, नेपाल

| क्र.सं. | शाखा/वडा/सेवा केन्द्र | विवरण | एकाई | परिमाण | | |
|---|---|---|---|---|---|---|
| | | | | मासिक | वार्षिक | कैफियत |
| | | सञ्चार | रु. | ५००। | ६०००। | |
| ३. | प्राविधिक कर्मचारी सिभिल समूह | पेट्रोल | लि. | २० | २४०। | |
| | | मर्मत | रु. | -। | २५०००। | |
| ४. | प्राविधिक कर्मचारी कृषि र पशु समूह | पेट्रोल | लि. | १५। | १८०। | |
| | | मर्मत | रु. | -। | २५०००। | |
| ५. | इलेक्ट्रीसियन | पेट्रोल | लि. | २०। | २४०। | |
| | | मर्मत | रु. | -। | २५०००। | |
| ६. | प्रशासनिक, स्वास्थ्य र अन्य सेवाका कर्मचारी | पेट्रोल | लि. | १०। | १२००००। | |
| | | मर्मत | रु. | -। | २००००। | |
| ७. | स्कारपियो गाडी | मर्मत | रु. | | ४०००००। | |
| ८. | ब्याकहोलोडर | मर्मत | रु. | | ३०००००। | |
| ९. | एम्बुलेन्स | मर्मत | रु. | | १०००००। | |

तर विशेष परिस्थितिमा सवारी साधन मर्मत खर्च र ईन्धन सुविधा गाउँ कार्यपालिकावाट निर्णय गरी आवश्यक परिमाण र रकम खर्च गर्न सकिनेछ ।

**निर्णय नं. १८**

यस गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरुको लागि कार्यालय सञ्चालनको लागि आकस्मिक आईपर्ने कार्यालय सामग्री र मशलन्द खर्च वार्षिक रु. ५०,०००। र विविध खर्च वार्षिक रु. १,००,०००। निर्धारण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

यस भगवतीमाई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालय वा शाखा तथा इकाईमा कार्यरत कर्मचारीहरुलाई कार्यालय समयको अतिरिक्त र सार्वजनिक विदाको दिन कम्तिमा २ घण्टा काम गरेमा खाना/खाजा वापत क्रमशः रु ३००। र ६००। दैनिक उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २०**

यस भगवतीमाई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय वा अन्य निकायवाट कार्यान्वयन हुने कार्यक्रम तथा वितरण गरिने अनुदान निश्चित मापदण्ड, कार्यविधि वा निर्देशिका वनाएर मात्र कार्यान्वयन गर्न गराउन गाउँ कार्यपालिकालाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१**

यस भगवतीमाई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालय वा निकायवाट कार्यान्वयन हुने आयोजना तथा कार्यक्रममा निर्माण कार्य, वस्तु वा सेवाको खरिद गर्दा रु. १,००,००० एक लाख भन्दा माथिको निर्माण कार्य, वस्तु वा सेवा खरिद कार्य गर्दा अपनाईने दरभाउपत्र, शिलवन्दी दरभाउपत्र र शिलवन्दी वोलपत्र तथा परामर्श सेवालाई पुर्ण प्रतिस्पर्धी र पारदर्शी वनाई खरिद गर्न गाउँ कार्यपालिका र अन्तर्गतका निकायलाई निर्देशन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पगनाथ, दैलेख
कर्णाली प्रदेश,नेपाल

गणेश बहादुर थापा
अध्यक्ष

निर्णय नं. २२

यस भगतवीमाई गाउँपालिकाबाट आ.व. २०७३/०७४ देखि गत आ.व. २०८०/०८१ सम्म सम्पादन गरेका आर्थिक कारोबारको महालेखा परीक्षकको कार्यालयबाट लेखा परीक्षण भई कायम भएको बेरुजु नियमित गर्न, असुल गर्न र प्रमाण संकलन गरि बेरुजु फछ्यौंट गर्न गाउँ कार्यपालिका र अर्थ तथा सार्वजनिक लेखा समितिलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. २३

, चालु आ.व. २०८१/०८२ मा सम्झौता भई निर्माण कार्य पुरा हुन नसकेका आयोजनाहरु आगामी आ.व. २०८२/०८३ मा क्रमागत गर्ने र कार्य सम्पन्न भई भुक्तानी गर्न छुटेका योजना तथा कार्यक्रमको दायित्व भुक्तानी गर्न बजेट स्वीकृत गरी आगामी आ.व. २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्ने र भुक्तानीको लागि गाउँ कार्यपालिकालाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. २४

यस गाउँसभाको अधिवेशनवाट बजेट विनियोजन भएका देहायका आयोजनाहरुलाई वहुवर्षीय आयोजनाको रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | आयोजनाको नाम | स्रोत | स्थान | वर्ष | अनुमानित लागत |
|---|---|---|---|---|---|
| १. | भगवतीमाई चक्रपथ निर्माण | नेपाल सरकार र गा.पा. समपुरक साझेदारी | वडा नं. १-७ | ३ | ७ करोड |
| २. | कट्टी स्वास्थ्य चौकी भवन निर्माण | प्रदेश सरकार र गा.पा. समपुरक साझेदारी | वडा नं. ५ | २ | २५० लाख |
| ३. | ६ नं. वडा कार्यालय भवन निर्माण | प्रदेश सरकार र गा.पा. समपुरक साझेदारी | वडा नं. ६ | २ | २२० लाख |
| ४. | मेहेलतोली स्वास्थ्य चौकी भवन निर्माण | प्रदेश सरकार सशर्त अनुदान र गा.पा. | वडा नं. ३ | २ | १५० लाख |
| ५. | गाउँपालिका प्रशासकीय भवन पूर्वाधार निर्माण | प्रदेश सरकार सशर्त अनुदान र गा.पा. | वडा नं. २ | २ | १२० लाख |

निर्णय नं. २५

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०८२।०१।०१ गते नेपाल राजपत्रमा प्रकाशित सूचना वमोजिम यस गाउँपालिका अन्तर्गत स्थानीय सेवामा स्थायी सेवामा कार्यरत कर्मचारी वाहेक करार सेवामा कार्यरत कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा

गणेश बहादुर थापा
अध्यक्ष

Scanned with CamScanner

गाउँ कार्यपालिकाको कार्यालय
पगनाथ, दैलेख
कर्णाली प्रदेश,नेपाल

योगदानकर्ताको रुपमा सूचीकृत गरी निजहरुको खाईपाई आएको तलबको कम्तीमा साठी प्रतिशतलाई आधारभूत तलब मानी त्यसको बिस प्रतिशत रोजगारदाताबाट र एघार प्रतिशत योगदानकर्ताको तर्फबाट जम्मा गर्नुपर्ने गरी सामाजिक सुरक्षा योजनामा सहभागी गराउने ।

निर्णय नं. २६

चालु आ.व. २०८१/०८२ मा यस गाउँपालिका र सडक बोर्ड नेपालबीचको सम्झौता बमोजिम वडा नं. ४ स्थित चिमिलेसैना मन्घर तल्ला गाउँ डोप्का सडक मर्मत सम्भार कार्यको लागि रकम रु. ५,८८,000.00 अपुग हुने देखिएको हुँदा उक्त रकम यस गाउँपालिकाबाट विनियोजित श्रम रोजगार बैङ्क कार्यक्रम रु. ९८,00,000.00 मध्येबाट खर्च गर्न गाउँ कार्यपालिका र कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने ।

निर्णय नं. २७

यस गाउँपालिकाको १७ औं अधिवेशन मिति २०८२/०२/२३ गतेबाट शुभारम्भ भई २०८२/०३/१० गते सफलतापूर्वक सम्पन्न गर्न आफ्नो अमूल्य सहयोग, समय, सल्लाह, सुझाव र सक्रिय सहभागिता गर्नुहुने राजनीतिक दलका प्रमुख एंव प्रतिनिधिहरु, विभिन्न विषयगत समितिका पदाधिकारीहरु, सभाका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत, विषयगत कार्यालय/शाखा प्रमुख एंव कर्मचारीहरु, विभिन्न संघसंस्थाका प्रमुख एंव प्रतिनिधिहरु, शिक्षक, सञ्चारकर्मी, बुद्धिजीवि, समाजसेवी लगायत आमनागरिकलाई हार्दिक धन्यवाद एंव कृतज्ञता प्रकट गर्ने निर्णय गरियो ।

Scanned with CamScanner